अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	उपेन्द्र बहादुर थापा समेत (वि.अ. को मु.नं. ०७९-CR-०११८), वि.अ. को फैसला मिति २०८१।०२।१३	गैरकानूनी लाभ वा हानिपुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको	(क) आरोपी पञ्चपुरी नगरपालिकाका तत्कालिन नगर प्रमुख उपेन्द्र बहादुर थापाको हकमाः निज उपेन्द्र बहादुर थापा ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा निज उपेन्द्र बहादुर थापालाई बिगो रकम रु. ५०,००,०००।-(पचास लाख रुपैया) कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)बमोजिम बिगो बमोजिम जरिवाना र सोही ऐनको दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिम कैद सजाय गरि सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको रकम रु.५०,००,०००।-(पचास लाख रुपैया)निजबाट असुलउपर हुन मागदाबी लिईएको अवस्था छ। (ख)पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेतका तत्कालिन प्रमुख प्रशासकिय अधिकृत पित्रीभक्त गिरीको हकमाः निज पित्रीभक्त गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा निज पित्रीभक्त गिरीलाई निजले भुक्तानी गरेको रकम रु. ३०,००,०००।-(तिसलाख रुपैया) बिगो कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)	विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :- प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु उपरको आरोप दावी बमोजिम बदनियत वा लापरवाही पुष्टि हुने प्रमाणको अभावमा प्रतिवादीहरु उपेन्द्रबहादुर थापा, पित्रीभक्त गिरी, हरिप्रसाद देवकोटा, मोहनबहादुर बुढा, लक्ष्मीप्रसाद अधिकारी, भूमीसरा पुलामी, लालबहादुर जि.एम. भन्ने लालबहादुर घर्तीमगर र नमूना समाज, सुर्खेतले आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ । ४) विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु उपेन्द्रबहादुर थापा, पित्रीभक्त गिरी, हरिप्रसाद देवकोटा, मोहनबहादुर बुढा, लक्ष्मीप्रसाद अधिकारी, भूमीसरा पुलामी, लालबहादुर जि.एम. भन्ने लालबहादुर घर्तीमगर र नमूना समाज, सुर्खेतलाई आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :- क) प्रस्तुत मुद्दामा प्रतिवादीहरु उपरको आरोप दावी बमोजिम बदनियत वा लापरवाही पुष्टि हुने प्रमाण मिसिल संलग्न नरहेको । ख) प्रस्तुत मुद्दामा प्रतिवादीहरुले नगरपालिकाको अधिकार दुरुपयोग गरी नगरपालिकाको सम्पत्ति हानि नोक्सानी वा हिनामिना गरेको पुष्टि हुन सक्ने देखिएन।	विशेष अदालतको फैसला उपर प्रतिवादीहरु उपेन्द्रबहादुर थापा, पित्रीभक्त गिरी, हरिप्रसाद देवकोटा, मोहनबहादुर बुढा, लक्ष्मीप्रसाद अधिकारी, भूमीसरा पुलामी, लालबहादुर जि.एम. भन्ने लालबहादुर घर्तीमगर र नमूना समाज, सुर्खेतलाई हकमा पुनरावेदन गर्ने आधारः (क)प्रस्तुत मुद्दामाउधमशिलता साझेदारी परियोजना अन्तरगत नमुना गाऊ निर्माण कार्यक्रम संचालनको लागि पंञ्चपुरी नगरपालिका र नमुना समाज, सुर्खेत बिच मिति २०७६।०७।१७ गते संझौतापत्रमा हस्ताक्षर भएकोमा उक्त संझौतापत्र अनुसार मिति २०७६ साल असोज १ गते देखि २०७९ साल असोज मसान्तसम्म उक्त कार्यक्रम कार्यान्वयनमा रहने, कार्यक्रम संचालनको लागि नमुना समाज, सुर्खेतले ७० प्रतिशतरकम र नगरपालिकाले ३० प्रतिशत रकम ब्यहोर्ने उल्लेख भएबमोजिम पञ्चपुरी नगरपालिकाले बार्षिक रु.५०,००,०००।—(पचास लाख) रुपैया ब्यहोर्ने गरि तिन बर्षको लागि जम्मा रु.१,५०,००,०००।—(एक करोड पचास लाख रुपैया) ब्यहोर्ने र नमुना समाज, सुर्खेतको तर्फबाट तिन बर्षको अवधिमा पाँच करोड रुपैया ब्यहोर्ने भन्नेसमेत संझौतापत्रबाट देखिन्छ ।नमुना समाज, सुर्खेतसंग संझौता गर्नुपुर्व सार्वजनिक खरिद ऐन तथा नियमावलीसमेतमा भएका कानुनी ब्यवस्थाको पालना नगरी कार्यक्रम संचालनको लागि संस्थाको छनौट गरेको साथै नमुना गाऊ निर्माण कार्यक्रम संचालनको लागि संझौता गर्नुपुर्व नमुना समाज सुर्खेतसंग कुनै ठोस प्रस्तावसमेत माग गरेको अवस्था देखिदैन। नगरपालिकाबाट कुनै निर्णय नै नगरी संझौता गरेको भन्ने देखिएको र नमुना समाजले ब्यहोर्ने भनिएको पाँच करोड रुपैया सो संस्थाले के कुन श्रोतबाट ब्यहोर्ने त्यस्तो श्रोतको सुनिश्चितता छ,छैन भन्ने बिषय र नमुना समाज र उक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			बमोजिम बिगो बमोजिम जरिवाना र सोही ऐनको दफा (३)को उपदफा(१)को देहाय (छ) बमोजिम कैद सजाय गरि सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको रकम रु.३०,००,०००।-(तिस लाख रुपैया)निजबाट असुलउपर हुन मागदाबी लिईएको अवस्था छ। (ग) पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेतका तत्कालिन प्रमुख प्रशासकिय अधिकृत हरि प्रसाद देवकोटाको हकमाः : निज हरि प्रसाद देवकोटाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पाईएको हुँदा निज हरि प्रसाद देवकोटालाई निजले भुक्तानी दिएको बिगो रकम रु. २०,००,०००।- (बिसलाख रुपैया) कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना र सोही ऐनको दफा (३)को उपदफा (१)को देहाय (च) बमोजिम कैद सजाय गरि सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको रकम रु.२०,००,०००।-(बिस लाख रुपैया)निजबाट असुलउपर हुन मागदाबी लिईएको छ। (घ) पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेतका लेखा		संस्थाका पदाधिकारिको योग्यता,क्षमता र विश्वसनियता समेतको परिक्षण गरेको अवस्था पनि मिसिल संलग्न कागजातवाट देखिएको अवस्था छैन ।प्राप्त रकम के, कुन बिधि र प्रकृयाबाट कसरी खर्च हुने हो? अनुगमन,मुल्यांकन लगायतको कार्य को,कस्ले र के, कसरी गर्ने हो? सो समेतका बिषयमा पुरै वेवास्ता गर्दै कार्यक्रम शुरुहुनु पहिलानै उक्त संस्थालाई ६०% रकम भुक्तानी दिने संझौता गरेको र यसमा नमुना समाज, सुर्खेतले मिति २०७६।०८।०१ गतेको नगर प्रमुख पञ्चपुरी नगरपालिकाको कार्यालयलाई लेखेको पत्रमा दातृनिकाय ACTION AID ले हामीलाई कार्यक्रम सञ्चालनका लागि रकम निकासा गरिसकेको भन्ने उल्लेख गरिएकोमा उल्लेखित रकम दिने आधार-प्रमाण के थियो? उक्त संस्थाले के कति रकम निकाशा गरेको थियो वा थिएन? खर्चगर्ने प्रकृयासमेतका बिषयमासमेत पञ्चपुरी नगरपालिकाबाट चासो र खोजविन गरेको समेत नदेखिरहेको अवस्थामा प्रतिवादीहरु उपरको आरोप दाबी बमोजिम बदनियत वा लापरवाही पुष्टि हुन नसकेको भन्ने आधार ग्रहण गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । (ख)नमुना समाज, सुर्खेतले मिति २०७६।०८।०१ गते नमुना गाउँ निर्माण कार्यक्रम संचालनको लागि पञ्चपुरी नगरपालिका र नमुना समाज बीच भएको सम्झौता बमोजिम पहिलो किस्ता रकम नमुना समाज, सुर्खेतको जनता बैंकमा रहेको खाता नं.११४००२०७२९०३६०१ मा जम्मा गरिदिनहुन भनी पञ्चपुरी नगरपलिकाका नगरप्रमुख मार्फत प्रमुख प्रशासकिय अधिकृतलाई पत्राचार गरेकोमा सोही पत्राचार बमोजिम पञ्चपुरी नगरपालिकाले मिति २०७६।०८।०१ गते पहिलो किस्ता रु.३०,००,०००।—(तीस लाख रुपैया) रकम गोश्वारा भौचर नं. ७२बाट भुक्तानी गरेको अवस्था देखिन्छ ।पञ्चपुरी नगरपलिकाकाले कार्यक्रम संचालन गर्नु पहिलानै र कार्यसम्पन्न नहुदै बिल भरपाई बिनानै संझौताको आधारमा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			अधिकृत मोहन बहादुर बुढाको हकमाः निज मोहन बहादुर बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पाईएको हुँदा निज मोहन बहादुर बुढालाई बिगो रकम रु. ५०,००,०००।-(पचासलाख रुपैया) कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)बमोजिम बिगो बमोजिम जरिवाना र ऐ.ऐनको दफा(३)को उपदफा(१)को देहाय (छ) बमोजिम कैद सजाय गरि सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको रकम रु.५०,००,०००।-(पचासलाख रुपैया)निजबाट असुलउपर हुन मागदाबी लिईएको छ। (ङ) पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेतका लेखापाल लक्ष्मीप्रसाद अधिकारीको हकमाः निज लक्ष्मीप्रसाद अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पाईएको हुँदा निज लक्ष्मीप्रसाद अधिकारीलाई बिगो रकम रु. २०,००,०००।-(बिसलाख रुपैया) कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)बमोजिम बिगो बमोजिम जरिवाना र सोही ऐनको दफा(३)को उपदफा(१)को देहाय (च) बमोजिम कैद सजाय गरि		नमुना समाज सुर्खेतलाई रु.३०,००,०००।—(तिस लाख रुपैया) भुक्तानी दिएको प्रष्ट देखिरहेको अवस्थामासो तर्फ अन्देखा गरी भएको विशेष अदालतको फैसला त्रुर्टीपूर्ण भई वदरभागी रहेको छ । ग) पञ्चपुरी नगरपालिको मिति २०७७ असार १९ गते बसेको नगर कार्यपालिकाको ६९ औं बैठकबाट नमुना समाज, सुर्खेतले पञ्चपुरी नगरपालिका वडा नं.३, ४, ७, ८ र १० मा भैसीपालन, होमस्टे, कुखुरापालन लगायतका तालिम सञ्चालन गरी पालिकाले व्यहोर्ने रु.५०,००,०००।—(पचास लाख रुपैया) रकम बराबरको कार्यसम्पन्न भएबमोजिम भुक्तानीका लागि प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने र नमुना समाज, सुर्खेतले व्यहोर्ने भनिएको बजेट बराबरको कामको लागि आ.ब. २०७७।०७८ को शुरुमै प्रतिवेदन पेशगर्न लगाई प्रतिवेदन प्राप्त भएपश्चात प्रतिवेदनमा छलफल गरी सम्झौता बमोजिम कार्य नगरेको पाइएमा सम्झौता रद्दगर्ने भन्नेसमेतको निर्णय गरेको भन्ने देखिएको साथै पंञ्चपुरी नगरपालिकाको निर्णय बमोजिम नगरपालिकाले ब्यहोर्ने भनेको रु. ५०,००,०००।—(पचास लाख रुपैया) रकम बराबरको कार्यसंम्पन्न भएको भनिएतापनि नगरपालिकाको कार्यसंम्पन्न प्रतिवेदन पेश नभएको, कार्यक्रम संचालन हुदाका बखत अनुगमन मुल्यांकनसमेतका कार्य भएकोभन्ने नदेखिएको , नमुना समाजबाट पेश हुनआएका कागजात तथा बिल, भरपाईको आधिकारिकता र एथार्थताको परिक्षण र मुल्यांकन गरेको नदेखिएको, संझौता बमोजिम दोश्रो किस्ताको रकम भुक्तानी खर्चको अनुपातमा ३०% मा नबढाई गर्नुपर्नेमा सोसमेत पालना गरेको नपाईएको, शुरु बर्षमा नमुना समाजले ब्यहोर्ने भनिएको ७०% रकम खर्च नगरेको पाउदा पनि सो बारेमा कुनै चासो वा संझौता रद्ध गर्ने लगायतको कारवाही गरेको समेत नदेखिएको अवस्था छ। मिति २०७६।०८।०१ गते पंञ्चपुरी नगरपालिकाले नमुना समाज, सुर्खेतलाई रु.३०,००,०००।-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको रकम रु.२०,००,०००।-(बिस लाख रुपैया)निजबाट असुलउपर हुन मागदाबी लिईएको छ। (च) नमुना समाज, सुर्खेतका कार्यकारी निर्देशक लाल बहादुर जि.एम.भन्ने लाल बहादुर घर्ती मगर, नमुना समाज, सुर्खेतका अध्यक्ष भूमिसरा पुलामी र नमुना समाज सुर्खेतको हकमाः निज प्रतिवादीहरु लाल बहादुर घर्तिमगर र भुमिसरा पुलामीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुर गरेको देखिन आएको हुदा निज प्रतिवादीहरु लाल बहादुर जि.एम.भन्ने लाल बहादुर घर्ती मगर, भूमिसरा पुलामी र नमुना समाज सुर्खेतलाई बिगो रकम रु. ५०,००,०००।-(पचास लाख रुपैया) कायमगरि सोहि ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र बिगो रकम रु. ५०,००,०००।-(पचासलाख रुपैया) समेत ऐ.ऐनको दफा ८(४) बमोजिम प्रतिवादीहरु लाल बहादुर जि.एम.भन्ने लाल बहादुर घर्ती मगर, भूमिसरा पुलामी र नमुना समाज सुर्खेतसमेतबाट जफत तथा असुल उपर हुन मागदाबी लिईएको अवस्था छ ।		(तिसलाख रुपैया) भुक्तानी गरेको भएतापनि भुक्तानीको निर्णय साढे सात महिनापछि २०७७।०३।१९ गते गरेको देखिएको, पहिलो किस्ताबापतको रकम भुक्तानी भएपछि संझौता बमोजिम काम नहुदा पनि दोश्रो किस्ता बापतको रकम रु.२०,००,०००।—(बिसलाख रुपैया) भुक्तानी गर्ने निर्णय गरेको देखिएकोले बदनियतसाथ सरकारी रकम भुक्तानीगरि हानीनोक्सानी भए-गरेको पुष्टि भएको देखिरहेको अवस्थामा सो तर्फ वेवास्ता गरी प्रतिवादीहरु उपरको आरोप दाबी बमोजिम बदनियत वा लापरवाही पुष्टि हुन नसकेको भन्ने आधार ग्रहण गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । घ)नमुना समाज सुर्खेतले कार्यक्रम संचालन गरेको भनिएका जि. सुर्खेत पंचपुरी न.पा वडा नं-३, वडा नं-४, वडा नं-७, वडा नं-८ र वडा नं-१० मा सोही ठाँउमा बस्ने हरीप्रसाद जैसी समेतका मानिसहरुले गरिदिएको बस्तुस्थिति मुचुल्का अनुसार नमुना समाज सुर्खेतले संझौता बमोजिम कार्यसम्पादन नगरेको, नक्कली बिल भरपाई र कागजातहरु बनाई नगरपालिकाबाट प्राप्त रकम अनियमितता गरेको, गर्दै नगरेको काम गरेको भनि झुठा ब्यहोराको आधारमा रकम भुक्तानी लिएको भन्नेसमेतको ब्यहोरा लेखाईदिएको पाईन्छ। पञ्चपुरी नगरपालिकाको वडा नं ३,४,७,८ र १० मा पञ्चपुरी नगरपालिका र नमुना समाज बिच भएको संझौता बमोजिमको कार्यक्रम संचालन भए-नभएको संम्बन्धमा स्थलगत रुपमा खटिई गई बुझ्दा नमुना समाज, सुर्खेतले संझौता बमोजिम कार्यक्रम संचालन नगरेको, नक्कली बिल भरपाई र कागजातहरु बनाई नगरपालिकाबाट रकम भुक्तानी लिएको, गर्दै नगरेको काम बापतको रकम भुक्तानी लिई आर्थिक अनियमितता गरेको भन्नेसमेत ब्यहोराको अनुसंन्धान अधिकृत गोपाल कृष्ण खर्बुजासमेतले पेशगरेको स्थलगत प्रतिवेदनसमेतबाट देखिनआएको हुँदा नमुना समाजले संझौता बमोजिमको कामनै नगरी झुठा बिल भरपाई र

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

					कागजात तयारगरी पेश गरेको र नगरपालिकाबाट उक्त कार्यक्रम संचालनको प्रभावकारिता नहेरी अनुगमन, मुल्यांकन र कार्यसम्पन्नसमेत नगरी सिधै रकम भुक्तानी गरि बदनियतसाथ सरकारी रकम हानीनोक्सानी गरेको भन्ने पुष्टी भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । ६) प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट उपेन्द्रबहादुर थापा, पित्रीभक्त गिरी, हरिप्रसाद देवकोटा, मोहनबहादुर बुढा, लक्ष्मीप्रसाद अधिकारी, भूमीसरा पुलामी, लालबहादुर जि.एम. भन्ने लालबहादुर घर्तीमगर र नमूना समाज, सुर्खेतलाई आरोपदावीबाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले बदरभागी छ ।